# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ४ संख्या १ मिति २०७७ बैशाख ३१ गते

## भाग २

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सल्ले, काभ्रेपलाञ्चोकको

## सूचना

भुम्लु गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

गाँउपालिका स्तरिय प्रयोगशाला सञ्चालन कार्यविधि २०७७

**प्रस्तावनाः**स्वास्थ्य उपचार सेवालाई सुदृढ तुल्याउन र स्वास्थ्य सेवा प्रणालीलाई स्थानियस्तरमा सहजरुपले उपलब्ध तथा प्रभावकारी वनाउँदै बहुसङ्ख्यक नागरिकको स्वास्थ्यस्तरमा सुधार ल्याउनका लागि स्वास्थ्य प्रयोगशालाहरुको महत्वपूर्ण भूमिका रहने गरेको, कुनै पनि रोगको खोजपड्ताल,निदान,रोकथाम, उपचार, अनुसन्धान र स्वास्थ्य प्रर्वद्रका कार्यहरु प्रभावकारी तथा सर्वसुलभ रुपमा कार्यान्वयनका लागि विश्वसनीय प्रयोगशाला सेवा उपलब्ध गराउनु पर्ने भएको र स्वास्थ्यसँग सम्बन्धित अधिकांश निर्णयहरु प्रयोगशालाका नतिजामा भर पर्ने हुँदा प्रयोगशालाको महत्वलाई आत्मासात गर्दै यस भुम्लु गाँउपालिकाले गाँउपालिकास्तरको स्वास्थ्य प्रयोगशाला सञ्चालनमा ल्याउनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भुम्लु गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेदः- एक

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम** :- (१) यस कार्यविधिको नाम "भुम्लु गाँउपालिका स्तरिय प्रयोगशाला सञ्चालन कार्यविधि २०७७ " रहने छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा:-

(क) "गाँउसभा" भन्नाले भुम्लु गाँउपालिकाको सभालाई सम्झनु पर्दछ ।

(ख) " कार्यपालिका "भन्नाले भुम्लु गाँउ कार्यपालिका लाई सम्झनु पर्दछ ।

(ग) "प्रयोगशाला वा ल्याव" भन्नाले भुम्लु गाँउपालिकाले सञ्चालन गरेको गाँउपालिका स्तरिय मेडीकल ल्याव सम्झनु पर्दछ ।

(घ) "समिती" भन्नाले यस कार्यविधि अनुसार गठन भएको ल्याव सञ्चालक समिती सम्झनुपर्दछ ।

## परिच्छेदः-२
## ल्याव स्थापना

४. **ल्यावको स्थापनाः** (१) गाँउपालिकाले निर्णय गरि आवश्यकता अनुसार गाँउपालिकाको कुनै पनि वडामा ल्याव स्थापना गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम ल्याव स्थापना गर्दा सकेसम्म सम्बन्धित वडामा रहेको स्वास्थ्य चौकीमै वा त्यसको वरिपरि रहने गरि गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम स्वास्थ्य चौकीमा ल्याव स्थापना गर्न नसकीएमा मनासीव कारण सहित अन्य कुन स्थानमा स्थापना गर्ने हो, त्यसको आवश्यक निर्णय सम्बन्धित वडा समितिबाट गराई गाँउपालिकामा पेश गर्नु पर्नेछ ।

(४) ल्याव स्थापनाका लागि गाँउपालिका र सम्बन्धित वडा बाट आवश्यकता अनुसारको बजेट बिनियोजन गर्नु पर्नेछ ।

(५) ल्यावको मापदण्ड कम्तिमा नेपाल सरकारले स्वास्थ्य चौकीमा स्थापना गर्ने ल्यावको मापदण्ड अनुरुपको हुनु पर्नेछ ।

## परिच्छेदः- तिन

## सञ्चालक समिती

५. **सञ्चालक समिति** : (१) भुम्लु गाँउपालिकाका स्तरिय ल्याव सञ्चालन र व्यवस्थापनका लागि देहाय वमोजिमका पदाधिकारी रहेको समिती गठन हुनेछ ।

(क) भुम्लु गाँउपालिका अध्यक्षः- ....................संयोजक

(ख) सम्बन्धित वडाका वडा अध्यक्षः-...................सदस्य

(ग) गाउँपालिका भित्र स्वास्थ्य क्षेत्रमा काम गरेका वा समाजमा प्रतिष्ठीत व्यक्तिमध्येवाट गाउँपालिका अध्यक्षले तोकेको २ जनाः- सदस्य

(घ) गाँउपालिका स्वास्थ्य संयोजकः- ..............सदस्य-सचिव

समितीले आवश्यकता अनुसार विशेषज्ञ वा सरोकार वाला व्यक्तिलाई समितीको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन भएको समितिले आफ्नो निर्णय सहमतिको आधारमा गर्नेछ, सहमति हुन नसकेमा बहुमतिय प्रणालीको प्रयोग गरि निर्णय हुनेछ । मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ । आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैन ।

(३) उपनियम (१) बमोजिम गठन भएको समितिको वैठकमा ५० प्रतिशत सदस्यको उपस्थितिलाई गणपुरक सङ्ख्या मानिनेछ ।

## परिच्छेद :- ४

## समितीका काम,कर्तव्य र अधिकार

६. **<u>काम कर्तव्य र अधिकारहरुः</u>** १) ल्याव सञ्चालक समितीका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रयोगशालामा गरिने परिक्षणको दर निर्धारण गर्ने

(ख) प्रयोगशालाका लागि आवश्यक पर्ने, सामाग्री खरिद गर्ने

(ग) ल्यावको अनुगमन मूल्याङ्कन गर्ने

(घ) ल्याव सञ्चालनका लागि आवश्यक निर्देशन दिने र मार्गनिर्देश गर्ने

(ङ) आवश्यकता र परिस्थिति अनुरुप अन्य आवश्यक निर्णय गर्ने

## परिच्छेदः-५

## नाम र छाप

७. (१) प्रयोगशालाको नाम सम्बन्धित ल्यावको सञ्चालक समितीको पहिलो बैठकले निर्धारण गर्नेछ ।

(२) स्थापित ल्यावको छाप कम्तीमा अनुसुची-१ अनुसारको ढाँचामामा रही समितीले निर्धारण गर्न सक्नेछ ।

## परिच्छेदः-६

## कर्मचारी व्यवस्थापन

८. (१) गाँउपालिका स्तरिय प्रयोगशालामा १ जना ल्याव टेक्नीसियनर १ जना ल्याव असिटेन्ट गरि कम्तीमा २ जनाको दरबन्दी रहनेछ ।

(२) उपनियम (१) बमोजिम आवश्यक हुने कर्मचारीको व्यवस्था गाँउपालिकाबाट हुनेछ । र यस्ता कर्मचारीहरुको सेवा तथा सुविधा गाँउपालिका र कर्मचारीविच भएको करार सम्झौता बमोजिम हुनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख भएपनि ल्याव सञ्चालनका लागि थप कर्मचारी आवश्यक भएमा, सञ्चालक समितिको सिफारिसमा गाँउपालिकाले नयाँ कर्मचारीको व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेद :-७

## शुल्क निर्धारण विधि

९. (१) प्रयोगशालामा गरिने परिक्षणको शुल्क निर्धारण सञ्चालक समितिले गर्नेछ ।

(२) परिक्षण गर्दा प्रयोग गरिने रसायन र अन्य सामाग्रीको मुल्यका आधारमा न्युनतम मुल्य निर्धारण गर्नु पर्नेछ ।

(३) अन्यत्र जुनसुकै कुरा उल्लेख भए पनि कुनै नयाँ किसिमको परिक्षण वा महामारीको अवस्थामा गरिने परिक्षण वा सञ्चालक

समितीले आवश्यकता देखेमा सञ्चालक समितीले विधि निर्धारण गरि नयाँ मुल्य निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद :-८

## छुट दिने सम्बन्धि व्यवस्था

**१०.** (१) प्रयोगशालामा गरिने परिक्षणमा अनुसुची-२ मा उल्लेख भए अनुसारको छुट दिइनेछ ।

(२) उपनियम (१) बमोजिम उपलब्ध गराईने छुट सुविधा भुम्लु गाँउपालिकाका नागरिकहरुलाई मात्र उपलब्ध गराईनेछ ।

## परिच्छेदः- ९

## सामान व्यवस्थापन सम्बन्धि व्यवस्था

**११.** (१) प्रयोगशालाका लागि आवश्यक सामाग्रीको व्यवस्था सञ्चालक समितिबाट हुनेछ ।

(२) नयाँ उपकरण, बढी लागतका उपकरणको आवश्यकता देखीएमा, सञ्चालक समितको सिफारिसमा गाँउपालिकाले व्यवस्थापन गर्नुपर्नेछ ।

# अनुसुची:-१

## प्रयोगशाला छापको नमुना

**भुम्लु गाँउपालिका स्वास्थ्य प्रयोगशाला**

**भुम्लु-८, काभ्रेपलाञ्चोक**

# अनुसुची:-२

## प्रयोगशालामा गरिने परिक्षण शुल्कमा दिइने छुट सम्बन्धी व्यवस्था

| क्र.स | विवरण | छुट (प्रतिशत) | कैफियत |
|---|---|---|---|
| १ | पूर्ण अपाङ्ग | १०० | पालो कुर्न नपर्ने |
| २ | अति अशक्त अपाङ्ग | ५० | पालो कुर्न नपर्ने |
| ३ | आंशिक अपाङ्ग | २५ | |
| ४ | जेष्ठ नागरिक (७० वर्ष भन्दा माथिका) | ७५ | पालो कुर्न नपर्ने |
| ५ | जेष्ठ नागरिक (६० वर्ष भन्दा माथिका) | ५० | पालो कुर्न नपर्ने |
| ६ | गर्भवति महिला | | पालो कुर्न नपर्ने |

**आज्ञाले,**

**मदन कुमार बजगाई**

**प्रमुख प्रशासकीय अधिकृत**